Shikshak Journal *17*(1),424-436, 2025

# शिक्षाशास्त्र सङ्कायमा सञ्चालित सेमेस्टर प्रणालीको समस्या र समाधान

वासुदेव गौतम

*त्रि.वि.,महेन्द्ररत्न क्याम्पस नेपाली शिक्षा विभाग, ताहाचल, काठमाडौं* ✉ *bashudevgautam50@gmail.com*

Submitted: March 13, 2024; Accepted: July 12, 2024; Published: January 31, 2025

**लेखसार**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायमा सञ्चालित स्नातकोत्तर तहमा हाल सेमेस्टर प्रणाली लागु भइ अध्ययन अध्यापन कार्य भइरहेको छ । नेपालमा शिक्षाको इतिहासलाई अध्ययन गर्दायस अघि नै वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाको प्रतिवेदनले दिएको सुझावको ( राशिपयो, २०२८) आधारमा उच्च शिक्षामा सेमेस्टर प्रणाली लागु भएको थियो । यो प्रणाली वि.सं. २०३८ सालमा पाठ्क्रम परिमार्जन भइ सेमेस्टर प्रणालीलाई हटाइ वार्षिक प्रणाली लागु गरियो । लामो समयपछि उच्च शिक्षालाई गुणस्तरीय बनाउनको लागि पुनः वि.सं. २०७० सालबाट स्नातकोत्तर तहमा केन्द्रीय क्याम्पस कीर्तिपुरबाट यो प्रणाली लागु गर्दै देशका अन्य क्याम्पसहरूमा लागु गरी हाल सबै क्याम्पसहरूमा पठनपाठन भइरहेको छ । केही वर्ष अगाडिदेखि यो प्रणाली लागु भए तापनि यस प्रणालीमा समस्याहरू आइरहेका छन् फलस्वरूप विद्यार्थी सङ्ख्या खस्कँदै गएको देखिन्छ । यो प्रणालीलाई प्रभावकारी रूपबाट सञ्चालन गरेर आगामी दिनहरूमा निरन्तरता दिनु प्रस्तुत अध्ययनको मुख्य प्राप्ति रहेको छ । यो अध्ययन महेन्द्ररत्न क्याम्पस ताहाचल, एम.एड. चौथो सेमेस्टरमा अध्ययनरत दस जना अनिवार्य विषयका छात्रछात्राहरूलाई विभिन्न दसओटा बहुवैकल्पिक प्रश्नहरू दिएर अध्ययन गरिएको छ । यस प्रणालीमा मूल्याङ्कन प्रक्रिया, शैक्षिक सामग्रीको प्रयोग, पाठ्भार, शैक्षिक क्यालेण्डअनुसार पठनपाठन नहुनु, शिक्षकहरूलाई पुनर्ताजगी तालिम नहुनु जस्ता समस्याहरू स्थलगत अध्ययनबाट देखिएका छन् । यसमा यिनै समस्याहरूलाई सम्बन्धित निकायले समयमा नै समाधान गर्नुपर्ने निष्कर्ष प्रस्तुत गरिएको छ । यो अध्ययन स्थलगत सर्वेक्षण विधिका आधारमा गरिएको छ र यस प्रणालीमा देखिएका समस्याहरूको पहिचान गरी समाधान गर्नु प्रस्तुत अध्ययनको मुख्य प्राप्ति रहेको छ ।

**शब्दकुञ्जी** : अध्ययन, उच्च शिक्षा, समस्या, सर्वेक्षण,  सेमेस्टर, प्रणाली

## विषयप्रवेश

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षा कै कारण कुनै पनि देश विकासले शिखर चुमेका देखिन्छन् । हाम्रो देश नेपालको शिक्षाको इतिहासलाई हेर्ने हो भने सय वर्ष मात्र पुरानो छ । अनौचिारिक शिक्षाको इतिहास भने केही वर्ष पुरानो देखिन्छ । अनौपचारिक शिक्षामा गुरुकुल शिक्षा, मदरसा शिक्षा, गुम्बा शिक्षा आदि रहेका छन् । नेपालमा आधुनिक शिक्षाको थालनी दरबार स्कुलको

स्थापनाका साथ १९१० सालतिर भएको मानिन्छ । जङ्गबहादुर राणा वेलायत भ्रमण जाँदा त्यहाँको शिक्षाको अवस्था देखेपछि उनले नेपालमा त्यहाँबाट दुई जना व्यक्तिलाई ल्याएर औपचारिक शिक्षाको आरम्भ गरे भनिन्छ । मूलतः वि.सं. १९१० मा दरवार स्कुल, भाषा पाठशाला हुँदै अन्य विद्यालयहरू स्थापनाभए । शिक्षालाई गुणस्तरीय, वैज्ञानिक र व्यावहारिक बनाउनका लागि समय समयमा विभिन्न आयोगसमेत बने । तिनै आयोगहरूको सुझावअनुसार शिक्षानीति बन्दै र परिवर्तन हुँदै गए ।

उच्च शिक्षामा सेमेस्टर प्रणालीको आरम्भ भने वि.सं. २०२८ सालको रा.शि.प.यो.को प्रतिवेदनअनुसार सशक्त रूपमा अगाडि सारेको देखिन्छ । सेमेस्टर प्रणाली त्रि.वि. को शिक्षाशास्त्र सङ्कायमा वि.सं. २०३८ सालसम्म कायम रह्यो । त्यसपछि वार्षिक प्रणाली सुरु भयो । यो प्रणाली पुनः वि.सं. २०६८ सालमा बसेको बोर्ड बैठकले निर्णय गरे पश्चात् अगाडि बढेको हो भनी चोम्वाङ (सन् २०१४,पृपृ.३–५) ले आफ्नो अनुसन्धानमा प्रस्तुत गरेका छन् । यही निर्णयपछि वि.सं. २०७० सालबाट यो प्रणालीको सुरुवात भएको देखिन्छ । लामो समयपछि पुनः सुरू भएको यो प्रणालीका बारेमा अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

उच्च शिक्षालाई गुणस्तरीय बनाउनका लागि शिक्षण सिकाइ प्रक्रियाको एक नवीन शैक्षिक प्रणालीका रूपमा सेमेस्टरलाई आत्मसात् गरेको देखिन्छ । यस प्रणालीमा शिक्षक र विद्यार्थी बिच साक्षात्कार अन्तरक्रियाको अनुमति प्रदान गर्दछ (दास, सन् २०१५) भने यस प्रणालीको समयावधि साधारणतया १६–१८ हप्ताको हुन्छ (शिक्षाको शब्दकोश, १९८१) भन्ने कुरा दाहाल (सन् २०१८, पृ. १८१) ले उल्लेख गरेका छन् ।

कुनै पनि सिकाइ प्रक्रियालाई क्रियाशील बनाउन सेमेस्टर प्रणालीलाई आत्मसात् गरिन्छ । यस प्रणालीको प्रमुख उद्देश्य भनेको विद्यार्थीलाई क्रियाशील बनाई सक्षमता प्रदान गर्नु हो । यस प्रणालीमा एक घण्टाको एक पाठ्यभार हुन्छ । विद्यार्थीहरू क्षमताअनुसार त्यसमा सिक्न र प्रभावकारी ढङ्गले सिकाइ उपलब्धि हासिल गर्न सक्छन् । यस प्रणालीमा ग्रेडिङ प्रणाली लागु गरिएको छ २०१७, पृ.४७३) भनी मिश्र (२०१७, पृ.४७३) ले उल्लेख गरेका छन् । यस प्रणालीमा दुई प्रकारका मूल्याङ्कन प्रक्रिया रहेका छन्-पहिलो आन्तरिक र दोस्रो बाह्य हुन् ।

आन्तरिक मूल्याङ्कन प्रक्रियामा ४० प्रतिशत र बाह्य मूल्याङ्कन प्रक्रियामा ६० प्रतिशत अङ्कभार राखिएको छ । कक्षामा विद्यार्थीहरू ८० प्रतिशत अनिवार्य रूपमा उपस्थित हुनुपर्ने व्यवस्था गरिएको छ । शैक्षिक गतिविधिहरू विद्यार्थी केन्द्रित हुन्छन् (विष्ट, २०१६, पृ.ह) भन्ने विश्वास गरिन्छ । त्रि.वि.ले उच्च शिक्षालाई गुणस्तरीय बनाउनका लागि २०७० सालबाट पुनः

सेमेस्टर प्रणाली लागु गरेको छ । यसमा देखिएका समस्याका बारेमा कहीँ कतैबाट अध्ययन भएको देखिँदैन । यसर्थ प्रस्तुत अध्ययन गर्ने जमर्को गरिएको छ । प्रणाली लागु भए पश्चात् नियमित मूल्याङ्कन प्रक्रियामा पारदर्शीता, परीक्षा प्रणाली, गृहकार्य र परियोजना कार्य, आधुनिक प्रविधिको प्रयोग आदिको समस्या मुख्य रूपमा देखा परेका छन् । यिनै समस्याहरूमा केन्द्रित रही प्रस्तुत अध्ययन गरिएको हुनाले तिनको समाधानका उपायहरू अनुशीलन गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

**समस्याकथन र उद्देश्य**

त्रि.वि.ले उच्च शिक्षालाई गुणस्तरीय बनाउनका लागि वि.सं. २०३८ सालमा विस्थापित भएको सेमेस्टर प्रणालीलाई पुनः वि.सं.२०७० सालबाट विभिन्न सुझावहरूलाई समेटेर लागु गरेको छ । यस प्रणालीमा देखिएका समस्याहरूलाई आधार मानेर प्रस्तुत अध्ययन गरिएको छ । यस क्षेत्रका विभिन्न सरोकारवालाहरूले समय समयमा उठाएका सिर्जनात्मक जिज्ञासा र सम्बन्धित आशङ्कामा आधारित भएर लेख प्रस्तुत गर्दा त्रि.वि. महेन्द्ररत्न क्याम्पसमा अध्ययनरत एम.एड. चौथौ सेमेस्टरका अनिवार्य विषयका १० जना छात्र छात्राहरूलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरी सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनका लागि *सेमेस्टर प्रणालीका मूलभूत समस्याहरूको अध्ययन गर्नु* भन्ने अनुसन्धानात्मक उद्देश्य निर्धारण गरिएको छ ।

**अध्ययनको औचित्य**

त्रि.वि. ले उच्च शिक्षालाई गुणस्तरीय बनाउन सबै संस्थान र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा वि.सं.२०७० सालबाट सेमेस्टर प्रणाली लागु गऱ्यो । यसरी लागु भएको यस प्रणालीका सन्दर्भमा विभिन्न समस्याहरू देखिएका छन् । तिनै समस्याहरूको अध्ययन गर्न महेन्द्ररत्न क्याम्पस ताहाचलमा एम.एड. चौथो सेमेस्टरमा अध्ययनरत अनिवार्य विषयका छात्र छात्राहरूबाट प्राप्त तथ्यको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनले त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत सञ्चालन भएका क्याम्पसहरूमा देखिएका समस्या निराकरणका लागि प्रस्तुत अध्ययनले मदत गर्दछ भन्ने विश्वास गरिएको छ । त्यसैगरी प्रत्यक्ष रूपमा कक्षा कोठामा शिक्षण कार्यमा संलग्न शिक्षकहरूले यस अध्ययनबाट प्राप्त नतिजाको उपयोग गरी शिक्षणलाई प्रभावकारी बनाउन सक्छन् भन्ने अपेक्षा गरिएको छ । त्यस्तै यसबाट सिङ्गो शिक्षाशास्त्र सङ्कायलाई भरपुर सहयोग गर्ने कुरामा विश्वास गरिएको छ ।

## सैद्धान्तिक अवधारणा (गुणात्मक अध्ययन पद्धति)

गुणात्मक अध्ययन पद्धतिलाई तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने विधिका रूपमा पनि चिनाउने गरिएको छ । यस अध्ययन ढाँचा वा पद्धतिमा व्यक्तिका जीवन कहानीलाई नै तथ्याङ्कको स्रोत मानिन्छ । व्यक्तिका जीवन्त कहानी तथा अविस्मरणीय कथा भन्न लगाई उक्त कहानीलाई नै तथ्याङ्कका रूपमा व्यवस्थित गरेर अध्ययन गरिन्छ (क्रेस्वेल, सन् २०२३, पृ. १५) । यो गुणात्मक अध्ययनको एक लोकप्रिय पद्धतिका रूपमा परिचित छ । यसमा व्यक्तिका जीवन कहानीलाई एक संरचनात्मक ढाँचामा भनिएको कहानी वा कथाका रूपमा प्रस्तुत गरिन्छ (पन्त, सन् २०२१, पृ.३२९) । जोन्सन र स्ट्रेन्सन (सन् २०१४, पृ. ५६९) ले गुणात्मक खोजलाई व्यक्तिका जीवन्त कथा तथा अनुभवको अध्ययन गर्ने विधिका रूपमा प्रस्तुत गरेका छन् । उनकाअनुसार यसमा अनुसन्धाता र सहभागी बिचको समन्वयमा सामाजिक अन्तरक्रिया हुन्छ । यसका विभिन्न तरिका र प्रकार छन् । ती हरेक प्रकारअनुरूप तरिका फरक अपनाइन्छ । यो व्यक्तिका अन्तरमनबाट निकालिने तथ्याङ्क भएकाले यसलाई व्यक्तिको आत्मवृतान्त वा जीवनी अध्ययन विधिसमेत भन्ने गरिएको छ । आत्मवृतान्त न्यारेटिभ खोज, जीवनीमय न्यारेटिभ खोज आदि यस ढाँचाका विभिन्न प्रकार हुन् । प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा गरिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययनका लागि गुणात्मक ढाँचा अवलम्बन गरिएको छ ।यसका निम्तिएम.एड. चौथो सेमेस्टरमा अध्ययनरत १० जना छात्र छात्रालाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । नमुना जनसङ्ख्याका लागि सोद्देश्यपूर्ण छनोट विधिको उपयोग गरिएको छ ।यसमा पाँच जना छात्र र पाँच जना छात्रा रहेका छन् । ती कक्षामा उपस्थित भएका मध्येबाट गणित १, विज्ञान ३, जनसङ्ख्या १,अङ्ग्रेजी २, स्वास्थ्य १, अर्थशास्त्र १ र इ.पि.एम. विषयसम्बद्ध १ जना रहेका छन् । यसका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसमा नमुना छात्र छात्राहरूले दिएका निर्धारित अवधारणात्मक प्रकृतिका १० ओटा लिखित बहुवैकल्पिक प्रश्नसम्बद्ध उत्तरहरूको परीक्षण गरी प्राप्त तथ्यहरूको शैक्षिक गुणस्तरीयताका दृष्टिले सेमेस्टर प्रणाली, शिक्षकको भूमिकाका दृष्टिले सेमेस्टर प्रणाली, मूल्याङ्कनका दृष्टिले सेमेस्टर प्रणाली, समस्याका दृष्टिले सेमेस्टर प्रणाली, परीक्षाका दृष्टिले सेमेस्टर प्रणाली, नीतिका दृष्टिले सेमेस्टर प्रणाली, औचित्यका दृष्टिले सेमेस्टर प्रणाली, कार्यका दृष्टिले सेमेस्टर प्रणाली र शिक्षणका दृष्टिले सेमेस्टर प्रणाली गरी १० उपशीर्षकमा वर्णनात्मक विधिमा आधारित भएर क्रमश:विश्लेषण गरिएको छ ।

**छलफल तथा निष्कर्ष**

त्रि.वि. महेन्द्ररत्न क्याम्पस ताहाचलमा एम.एड. चौथो सेमेस्टरमा अध्ययनरत  अनिवार्य विषयका १० जना छात्र छात्रालाई आधार बनाएर अध्ययन गरिएको यस लेखमा स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली लागु भएपछि देखिएका वर्तमान समयका मूलभूत समस्याहरूको अनुशीलन गरिएको छ । प्राप्त समस्यात्मक तथ्यलाई विभिन्न उपशीर्षकीय तालिकामा राखेर विश्लेषण गरिएको छ ।

**तालिका १.** *शैक्षिक गुणस्तरीयताका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| १ (क) | परम्परागत | शून्य |
| (ख) | पावर प्वाइन्ट | ९० |
| (ग) | वेव लिङ्क | १० |
| (घ) | कार्य तालिका | शून्य |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका १ मा उल्लेख भएअनुसार शिक्षाशास्त्र सङ्कायमा सञ्चालित सेमेस्टर प्रणालीको समस्या र समाधान शीर्षकमा प्रश्न १ मा *शिक्षण सिकाइका मुख्य मुख्य सामग्रीहरू के के हुन् ?* भन्ने प्रश्न सोधिएको थियो । यसमा ९० प्रतिशत विद्यार्थीले पावर प्वाइन्ट भन्ने विकल्प छनोट गरेको देखियो । जम्मा १० प्रतिशत विद्यार्थीले वेव लिङ्क भन्ने विकल्प रोजेको पाइयो । त्यस्तै चार विकल्पमध्ये बाँकी परम्परागत र अभ्यास भन्ने दुई विकल्प कसैले पनि छनोट गरेको पाइएन ।यसबाटसेमेस्टर प्रणालीमा सबैजसो शिक्षकहरूले पावर प्वाइन्ट मात्र प्रयोग गरी शिक्षण गर्ने गरेको देखिएको छ । कक्षा कोठामा अभ्यास तथा सम्बन्धित शीर्षकअनुसार वेव लिङ्क गरेर थोरै मात्र शिक्षकहरूले शिक्षण गरेको पाइएको छ। सेमेस्टर प्रणाली लागु भएपछि पावर प्वाइन्टलाई मात्र शैक्षिक सामग्री मान्ने शिक्षकहरूले केवल त्यसको मात्र प्रयोग गरेको र पाठ्यक्रमले दिएको पाठ्वस्तुलाई अन्य सामग्रीको प्रयोग नगरी एकोहोरो पावर प्वाइन्टको मात्र प्रयोग गर्नु समस्या बनेको छ ।समग्रमा आवश्यकतानुसार पावर प्याइन्टलगायत वेव लिङ्क र कार्य तालिका बनाएर कक्षा शिक्षण गर्दा पाठ्यक्रमअनुकूल हुने देखिन्छ ।

**तालिका २.** *शिक्षकको भूमिकाका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| २ (क) | विद्यार्थीसँग मिलेर योजना बनाउने र शिक्षण गर्ने | ४० |
| (ख) | परम्परागत शिक्षण गर्ने | १० |
| (ग) | परियोजना कार्यमासमेत संलग्न हुने | ४० |
| (घ) | स्रोत साधनको व्यवस्थापकको  भूमिका गर्ने | १० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका २ अनुसार विभिन्न १० ओटा बहुवैकल्पिक प्रश्नहरू निर्माण गरी स्थलगत अध्ययन प्रश्न २ *कक्षा कोठामा शिक्षकको भूमिका कस्तो पाउनु भयो?* भन्ने प्रश्नको उत्तर दिने क्रममा के कस्ता धारणा व्यक्त गरेका थिए भन्ने कुरा हेरिएको छ । यसमा ४० प्रतिशतले विद्यार्थीहरूसँग मिलेर योजना बनाउने र शिक्षण गर्ने भन्ने विकल्प रोजेको देखियो । त्यस्तै १० प्रतिशत विद्यार्थीहरूले मात्र परम्परागत शिक्षण गर्ने भन्ने विकल्प छनोट गरेको पाइयो । त्यसैगरी ४० प्रतिशत विद्यार्थीहरूले परियोजना कार्यमा समेत संलग्न हुनुपर्ने भन्ने विकल्प रोजेको देखियो । बाँकी १० प्रतिशत विद्यार्थीहरूले स्रोत साधनको व्यवस्थापकको भूमिका निर्वाह गर्नुपर्ने भन्ने विकल्प छनोट गरेको    पाइयो ।समग्रमा सेमेस्टर प्रणालीमा शिक्षकको भूमिका सकारात्मक हुने देखिएको छ । कक्षा शिक्षकले ९० प्रतिशत विद्यार्थीको उक्त धारणाअनुकूल सहकार्यात्मक कक्षा क्रियाकलाप रसो अनुकूलको भूमिका निर्वाह गरेमा मात्र स्नातकोत्तर सेमेस्टर प्रणालीको शिक्षण सिकाइ उपलब्धीपूर्ण हुनेकुरा यस अध्ययनबाट पुष्टि हुन्छ ।

**तालिका ३.** *अन्तरक्रियाका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| ३ (क) | पाठ्यक्रमले तोकेका पाठहरूमा अन्तरक्रिया | ३० |
| (ख) | सबै पाठमा अन्तरक्रिया | ४० |
| (ग) | कनै कुनै पाठमा नमुनाको रूपमा अन्तरक्रिया | ३० |
| (घ) | आवश्यकताअनुसारका पाठमा अन्तरक्रिया | शून्य |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका ३ मा विभिन्न १० ओटा बहुवैकल्पिक प्रश्नहरूमध्ये *शिक्षकहरूसँग अन्तरक्रिया गर्ने अवसर कस्तो  पाइएको छ ?* भन्ने प्रश्न ३ को उत्तर दिने क्रममा ३० प्रतिशत

विद्यार्थीहरूले पाठ्क्रमले तोकेका पाठहरूमा मात्र अन्तरक्रिया गर्ने गरेको भन्ने विकल्प छनोट गरको देखियो । थप ४० प्रतिशत विद्यार्थीहरूले सबै पाठमा अन्तरक्रिया गर्ने भन्ने विकल्प जोजेको पाइयो । त्यस्तै ३० प्रतिशत विद्यार्थीहरूले कुनै कुनै पाठमा नमुनाको रूपमा अन्तरक्रिया गर्ने भन्ने विकल्प छनोट गरेका थिए । आवश्यकताअनुसारका पाठहरूमा अन्तरक्रिया गर्नेभन्ने विकल्पमा कसैले पनि मत जाहेर गरेको देखिएन । सेमेस्टर प्रणालीमा शिक्षकहरूसँग सबैभन्दा बढी विद्यार्थीले सबै पाठमा अन्तरक्रिया गर्नुपर्ने धारणा व्यक्त गरेको तथ्यहरूबाट देखिएको छ । कक्षा कोठामा शिक्षकले तोकेका र नमुनाका रूपमा मात्र अन्तरक्रिया नगरी सबै पाठको शिक्षण सिकाइ अन्तरक्रियात्मक हुनुपर्ने विचार बहुमत विद्यार्थीबाट अभिव्यक्त हुनुले शिक्षकले कक्षा कोठामा पाठगत अन्तरक्रिया गरिरहँदा पाठहरूको प्रकृति, विद्यार्थीको रुचि र आवश्यकतालाई ख्याल गर्न सक्ता मात्र शिक्षण सिकाइ प्रभावकारी हुने कुरा यस अध्ययनबाट सिद्ध हुन्छ ।

**तालिका ४.** *मूल्याङ्कनका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| ४ (क) | मूल्याङ्कन प्रक्रिया पारदर्शी नभएको | ३० |
| (ख) | विद्यार्थीको क्रियाकलाप, नियमितता | २० |
| (ग) | शैक्षिक क्यालेण्डरअनुसार मूल्याङ्कन प्रक्रिया हुनेगरेको | ५० |
| (घ) | शैक्षिक क्यालेण्डरअनुसार मूल्याङ्कन प्रक्रिया नभएको | शून्य |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका ४ मा विभिन्न १० ओटा बहुवैकल्पिक प्रश्नहरूमध्ये *सेमेस्टर प्रणाली मूल्याङ्कन प्रक्रिया कस्तो पाउनु भयो ?* भन्ने प्रश्न ४ मा को उत्तरमा ३० प्रतिशत विद्यार्थीहरूले मूल्याङ्कन प्रक्रिया पारदर्शी नभएको भन्ने विकल्प रोजेको पाइयो । त्यस्तै २० प्रतिशत विद्यार्थीहरूले शिक्षण सिकाइलाई क्रियाकलाप र नियमिततामा जोड दिनुपर्ने भन्ने विकल्प छनोट गरको देखियो ।यसमा ५० प्रतिशत विद्यार्थीहरूले भने शैक्षिक क्यालेण्डरअनुसार मूल्याङ्कन प्रक्रिया हुनेगरेको छ भन्ने उत्तर छनोट गरेको पाइयो । शैक्षिक क्यालेण्डरअनुसार मूल्याङ्कन प्रक्रिया नभएको भन्ने विकल्प कैसेले पनि रोजेका देखिएन । समग्रमा हेर्दा सेमेस्टर प्रणालीमा मूल्याङ्कन प्रक्रिया सम्बन्धमा सबैभन्दा बढी शैक्षिक क्यालेण्डरअनुसार मूल्याङ्कन प्रक्रिया हुनेगरेको छ भन्ने सकारात्मक प्रतिक्रिया आएको छ जुन सेमेस्टर प्रणालीको सफलता हो ।यस तथ्यबाट मूल्याङ्कन प्रक्रियालाई निरन्तरता दिनु आवश्यक छ भन्ने निष्कर्ष निकाल्न देखिन्छ ।

**तालिका ५.** *समस्याका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| ५ (क) | पुस्तकालयको उचित व्यवस्था नभएको | १० |
| (ख) | आधुनिक प्रविधिको प्रयोग नहुनु | ४० |
| (ग) | दक्ष शिक्षक नहुनु | शून्य |
| (घ) | मूल्याङ्कन प्रक्रिया पारदर्शी नहुनु | ५० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका ५ अनुसार विभिन्न १० ओटा बहुवैकल्पिक प्रश्नहरूमध्ये *सेमेस्टर प्रणालीमा पाइएका प्रमुख समस्याहरू के के छन् ?* भन्ने प्रश्न सोधिएको थियो । यसमा १० प्रतिशत विद्यार्थीहरूले पुस्तकालयको उचित व्यवस्था नभएको भन्ने विकल्परोजेका थिए । यसमा ४० प्रतिशत विद्यार्थीहरूले आधुनिक प्रविधिको प्रयोग नहुनु भन्ने विकल्प छनोट गरका थिए । त्यस्तै यसमा कसैले पनि दक्ष शिक्षक नहुनु भन्ने विकल्प छनोट गरेको पाइएन । बाँकी ५० प्रतिशत विद्यार्थीहरूले भने मूल्याङ्कन प्रक्रिया पारदर्शी नहुनु भन्ने विकल्पमा आफ्नो मत जाहेर गरेका थिए । समग्रमा मूल्याङ्कन गर्दा सेमेस्टर प्रणालीमा शिक्षकहरू दक्ष भए पनि बाह्यान्तरिक मूल्याङ्कन प्रक्रिया बढी समस्या युक्त रहेको तथ्य अभिव्यक्त भएको छ । यसबाट मूल्याङ्कन प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाउँदै लान सके मात्र सेमेस्टर प्रणालीले निरन्तरता पाउन र अपेक्षित सिकाइ उपलब्धि प्रदान गर्न सक्छ भन्ने कुरा सिद्ध हुन्छ ।

**तालिका ६.** *परीक्षाका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| ६ (क) | मूल्याङ्कन प्रक्रिया पूर्वाग्रही | शून्य |
| (ख) | पाठ्वस्तु बढी हुनु | ५० |
| (ग) | कक्षा कोठामा शिक्षक वा विद्यार्थी नियमित नहुनु | ५० |
| (घ) | पठन पाठन नियमित नहुनु | शून्य |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका ६ मा *सेमेस्टर प्रणालीको परीक्षामा आइ परेका समस्याहरू के कस्ता छन् ?* भन्ने प्रश्न ६ को उत्तरमा ५० प्रतिशत विद्यार्थीहरूले पाठ्वस्तु बढी हुनु भन्ने विकल्प छनोट गरेका

थिए । बाँकी ५० प्रतिशत विद्यार्थीहरूले कक्षा कोठामा शिक्षक वा विद्यार्थी नियमित नहुनुभन्ने विकल्पमा आफ्नो अभिमत जाहेर गरेका थिए । मूल्याङ्कन प्रक्रिया पूर्वाग्रही र पठन पाठन नियमित नहुनुभन्ने विकल्प कसैले पनि छनोट गरेको पाइएन।यस तथ्यले मूल्याङ्कन प्रक्रिया पूर्वाग्रही नभएको तथा पठन पाठन नियमित भएको भन्ने देखाएको छ । यसमा समस्या पचास प्रतिशत बाँकी रहेको देखिएको छ । कक्षा कोठामा शिक्षक वा विद्यार्थी नियमित नहुँदा  र पाठ्यवस्तु बढी भएका कारणले गर्दा परीक्षामा ज्यादै समस्या रहेको स्थलगत अध्ययनबाट स्पष्ट देखिएको छ । समग्रमा यसबाट सेमेस्टर प्रणालीमा परीक्षामा आइ पर्ने त्यस्ता समस्या समाधानमा सम्बन्धित निकायले ४८ क्रेडिटमा शिक्षण गरिसक्नु पर्ने भन्ने हालको प्रावधानमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

**तालिका ७.** *नीतिका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| ७ (क) | पूर्वाधारमा समस्या छ | ४० |
| (ख) | पाठ्यक्रम प्रविधि मैत्री बनाउने कुरामासीमित भएको | १० |
| (ग) | पाठ्वस्तुअनुसार पाठ्भार नहुनु | शून्य |
| (घ) | शैक्षिक क्यालेण्डरअनुसार पठन पाठन नहुनु | ५० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका ७ अनुसार *सेमेस्टर प्रणाली लागु भएपछि के कस्ता समस्याहरू आइ परेका छन् ?* भन्ने सातौं प्रश्नको उत्तरमा ४० प्रतिशत विद्यार्थीहरूले पूर्वाधारमा समस्या छभन्ने विकल्प छनोट गरेको पाइयो । त्यस्तै १० प्रतिशत विद्यार्थीहरूले पाठ्यक्रम प्रविधि मैत्री बनाउने कुरामा मात्र सीमित भएको भन्ने विकल्प रोजेको देखियो ।यसमा कसैले पनि पाठ्वस्तुअनुसार पाठ्यभार नहुनु भन्ने विकल्प छनोट गरेको पाइएन । शैक्षिक क्यालेण्डरअनुसार पठनपाठन नहुनु भन्नेमा भने ५० प्रतिशत मात रहेको देखियो । यसबाट कक्षा कोठामा शैक्षिक क्यालेण्डरअनुसार पठनपाठन नभएको भन्ने विषय ठुलो समस्या बनेको देखिएको छ । शैक्षिक क्यालेण्डरअनुसार मूल्याङ्कन हुने गरेको तर पठनपाठन नहुने अवस्थाले गर्दा शैक्षिक गुणस्तर कायम हुन नसकेको हो भन्ने कुरा उक्त तथ्यबाट देखिएको छ । समग्रमा यसबाट सेमेस्टर प्रणाली लागु भएपछि  केही न केही  समस्या आइरहेका छन् भन्ने तथा सम्बन्धित निकायले शैक्षिक क्यालेण्डरअनुसार पठनपाठन गराउन र सोअनुसार समस्या समाधानार्थ निर्देश दिन सकेमा मात्र उच्च शिक्षामा गुणस्तर कायम हुनसक्छ भन्ने देखिन्छ ।

**तालिका ८.** *औचित्यकादृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| ८ (क) | आधुनिक प्रविधिको प्रयोग गर्न पाउनु | १० |
| (ख) | प्राध्यापकसँग अन्तरक्रिया गर्न पाउनु | १० |
| (ग) | कक्षा कोठामा प्रस्तुतीकरण गर्न पाउनु | ३० |
| (घ) | विद्यार्थी केन्द्रित शिक्षण हुनु | ५० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका ८ मा *सेमेस्टर प्रणालीको औचित्यका कारणहरू के के हुन्?* भन्ने प्रश्न ८ को उत्तरमा १० प्रतिशत विद्यार्थीहरूले आधुनिक प्रविधिको प्रयोग गर्न पाउनु भन्ने विकल्प छनोट गरेका थिए । त्यस्तै १० प्रतिशतले प्राध्यापकसँग अन्तरक्रिया गर्न पाउनु भन्ने विकल्प रोजेका थिए ।बाँकी ३० प्रतिशतले कक्षा कोठामा प्रस्तुतीकरण गर्न पाउनु भन्ने र ५० प्रतिशतले विद्यार्थी केन्द्रित शिक्षण हुनु भन्ने विकल्प छनोट गरी सेमेस्टर प्रणालीको औचित्य पुष्टि गरेका थिए । प्रस्तुत तथ्यबाट सेमेस्टर प्रणालीको औचित्य पुष्टिगर्ने क्रममा विद्यार्थी केन्द्रित शिक्षण हुनुमा ५० प्रतिशत मत जाहेर भएका कारण सेमेस्टर लागु गर्नु पूर्व विद्यार्थीले कक्षा कोठामा प्रस्तुतीकरण गर्न पाउँदैनथ्ये तर यो प्रणाली लागु भएपछि गर्न पाउँदछन् भन्ने देखिएको छ ।समग्रमा यसबाट आधुनिक प्रविधिको प्रयोग गर्न, प्राध्यापकसँग अन्तरक्रिया गर्न, कक्षा कोठामा प्रस्तुतीकरण गर्न पाउने र विद्यार्थी केन्द्रित शिक्षण हुने गरेका कारण वर्तमान सेमेस्टर प्रणालीको औचित्य प्रमाणित हुन्छ ।

**तालिका ९.** *कार्यका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| ९ (क) | लिखित सङ्क्षिप्त | ३० |
| (ख) | मौखिक सङ्क्षिप्त | ४० |
| (ग) | लिखित बिस्तृत | २० |
| (घ) | मौखिक बिस्तृत | १० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८०)

प्रस्तुत तालिका ९ अनुसार *गृहकार्य, परियोजना कार्यका बारेमा कस्तो पृष्ठपोषण पाउनु भयो?* भनी सोधिएको नवौं प्रश्नमा ३० प्रतिशत विद्यार्थीहरूले लिखित सङ्क्षिप्त भन्ने विकल्प छनोट गरेको पाइयो । बाँकी ७० प्रतिशत विद्यार्थीमध्ये ४० प्रतिशतले मौखिक सङ्क्षिप्त भन्ने उत्तर रोजेको देखियो । त्यस्तै २० प्रतिशत विद्यार्थीहरूले लिखित बिस्तृत भन्ने विकल्प छनोट गरका थिए ।बाँकी

१० प्रतिशत विद्यार्थीहरूले मौखिक बिस्तृत भन्ने विकल्प रोजेका थिए । यस आधारमा मूल्याङ्कन गर्दा सेमेस्टर प्रणालीमा परियोना कार्यअन्तर्गतको मौखिक सङ्क्षिप्त भन्ने विकल्पमा सबैभन्दा बढी ४० प्रतिशत, मत र सबैभन्दा कम १० प्रतिशत मत मौखिक बिस्तृत भन्ने विकल्पमा अभिव्यक्त भएकोदेखियो ।समग्रमा गृहकार्य र परियोजना कार्यका बारेमा नियमित पृष्ठपोषण पाउने गरेको प्रतिक्रिया प्रस्तुत गरेका गर्नुले गृहकार्य र परियोजना कार्यलाई लिखित र मौखिक बिस्तृतीकरण गरी शिक्षण गर्नुपर्ने आवश्यकताको पुष्टि हुन्छ ।

**तालिका १०.** *शिक्षणका दृष्टिले सेमेस्टर प्रणाली*

| प्रश्न नं. | विद्यार्थीहरूको प्रतिक्रिया | प्रतिशत |
|---|---|---|
| १० (क) | छलफलमा जोड दिनु | ७० |
| (ख) | व्याख्यामा जोड दिनु | शून्य |
| (ग) | समूह कार्यमा जोड दिनु | ३० |
| (घ) | सुनाइ र बोलाइमा मात्र जोड दिनु | शून्य |

(स्रोत : स्थलगत सर्वेक्षण, २०८)

प्रस्तुत तालिका १० अनुसार*कक्षा कोठामा के कुरालाई बढी जोड दिनु पर्दछ ?*भन्ने प्रश्न १० अन्तर्गत ७० प्रतिशत विद्यार्थीहरूले छलफलमा जोड दिनुपर्छ भन्ने विकल्पमा आफ्नो मत जाहेर गरको देखियो । बाँकी ३० प्रतिशत विद्यार्थीहरूले समूह कार्यमा जोड दिनुपर्छ भन्ने विकल्प छनोट गरको पाइयो । व्याख्यामा एवम् सुनाइ र बोलाइमा मात्र जोड दिनुपर्छ भन्ने विकल्पमा कसैले मत व्यक्त गरेको पाइयएन । समग्रमा छलफलमा जोड दिनु पर्दछ भन्नेमत सर्वाधिक देखिएको छ । यसबाट वर्तमान सेमेस्टर प्रणालीको शिक्षण सिकाइमा छलफल विधिमा सर्वाधिक जोड दिनु पर्ने र केही मात्रामा भए पनि समूह कार्यमा जोड दिन सक्ता मात्र अपेक्षित उपलब्धि प्राप्त हुन सक्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## अध्ययनको शैक्षणिक उपयोगिता

प्रस्तुत अध्ययन त्रि.वि.शिक्षाशास्त्र सङ्कायमा लागु भएको सेमेस्टर प्रणालीसँग सम्बन्धित रहेको छ । यस प्रणालीमा देखिएका समस्याहरूको पहिचान गरी तिनको समाधान गर्ने उद्देश्य यस अध्ययनको रहेको छ । यसमा निर्धारित उद्देश्यअनुसार त्रि.वि. महेन्द्ररत्न क्याम्पस ताहाचलमा एम.एड. चौथो सेमेस्टरमा अध्ययनरत अनिवार्य विषयका विद्यार्थीहरूलाई विभिन्न दसओटा बहुवैकल्पिक प्रश्नहरूको माध्यमबाट समस्याको पहिचान र समाधानका उपायहरू सुझाउने काम गरिएको छ । यसबाट शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीहरू, प्राध्यापकहरू तथा शिक्षा

क्षेत्रमा संलग्न स्वअध्ययन गर्ने, शिक्षा क्षेत्रसम्बद्ध व्यवसायीहरू लाभान्वित हुन सक्छन् भन्ने विश्वास गरिएको छ । त्यस्तै यसबाट शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयबाट हुने पाठ्यक्रम तथा नीति निर्माणमा समेत सहयोग पुग्छ भन्ने अपेक्षा गरिएको छ ।

**प्राप्ति तथा निष्कर्ष**

लामो समयदेखि उच्च शिक्षामा व्याख्यान विधिबाट शिक्षण हुनेगरेकोछ । सेमेस्टर प्रणाली लागु भएपछि शिक्षकहरूले परम्परागत विधिका अतिरिक्त पावर प्वाइटको प्रयोग गरी केही हदसम्म विद्यार्थी मैत्री शिक्षण गर्ने गरेको देखिएको छ । त्यसैगरी विद्यार्थीहरूलाई विभिन्न प्रश्नहरू दिएर तिनको उत्तर कक्षामा प्रस्तुत गर्न लगाई उनीहरूको सक्रियता र कक्षा सहभागिताको परिक्षण गर्न थालिएको छ । यसले गर्दा पठनपाठनमा नयाँपन आएको छ ।त्रि.वि.मा शैक्षिक क्यालेण्डरअनुसार पठनपाठन र परीक्षा वा मूल्याङ्कन नभएका गुनासाहरू आइरहेको अवस्थामा सेमेस्टर प्रणाली लागु भएपछि मूल्याङ्कन प्रक्रियसमेतकेही पारदर्शीर परीक्षा केहीव्यवस्थित रूपमा सञ्चालन हुन थालेको सकारात्मक असर यस क्यमाम्पसको पठनपाठनमा पनि परेको कुरा अध्ययनले देखाएको छ ।

निर्धारित प्रश्नहरूप्रति विद्यार्थीबाट प्राप्त प्रक्रियालाईमूल्याङ्कनको विषय बनाइएको यस लेखमा शैक्षिक सामग्रीको प्रयोगमा पावर प्वाइन्टलाई मात्र प्रयोग गरेकामा आगामी दिनमा अन्य सामग्रीसमेत प्रयोग गरिनुपर्ने देखिन्छ । यसको अर्थ हरेक पाठमा अन्तरक्रिया गरिनुपर्ने, शैक्षिक क्यालेण्डरअनुसार पठनपाठन हुनुपर्ने, विद्यार्थीहरूलाई केन्द्रमा राखी छलफलका माध्यमबाट शिक्षण गरिनुपर्ने निष्कर्ष प्रमाणित हुन्छ । उच्च शिक्षामा गुणस्तरीयता कायम गर्न सेमेस्टर प्रणाली आवश्यक भएको र यस प्रणालीलाई भावी दिनमा अझै सशक्त पार्दै लानु पर्दछ भन्ने हुन्छ । यसका लागि शिक्षकहरूलाई नियमित पुनर्ताजकी तालिमको व्यवस्था गर्दै समयानुकुल पाठ्यक्रम परिमार्जन गर्दै कमीजोरीलाई नीतिगत रूपमा सुधार गर्दै अगाडि बढ्नु आवश्यक छ ।

**सन्दर्भ सामग्री**

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान प्रतिवेदन लेखन*, रत्न पुस्तक भण्डार ।

Bista, M. (2016).*Opinion of Teacher Towards Semester in System Mathematic Education. A Thesis Submitted to Department of Education* University Campus T.U., Kirtipur Kathmandu.

Chongbang, K.B. (2014). *Comparative Study of Semester System And System of Faculty of Education* . Mini Research Report, Submitted to Dean’s Office Faculty of Education T.U.

Dahal, R.K. (2018).*Students Perception towards Master of Business Studies(MBS) Semester System: A Case Study of Nepal Commerce Campus* . Pravaha Journal, pp. 181-195.

Glaser. B.G. (2002).“Constructivist Grounded Theory”.*Forum:Qualitative Social Research,* Vol. 3, No. 3.

Mishra, S.P. (2017*).* “Introduction of Choice Based Credit System :A New Paradigm Shift in Higher Educaton”.April, Vol.4\21.

पौडेल, लेखनाथ (२०५३), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाडौँ : आठराई प्रकाशन ।